# विश्व न्याय गृह

## रिज्वान २०१८

विश्वभरिका बहाईहरूका लागि

अति प्रिय मित्रहरू,

१. बरद सौन्दर्यको दुई सयौं जन्म जयन्तिको स्मरणीय घटनाहरूको स्थायी चमकको वातावरणमा हामी तपाईंहरूलाई अभिवादन गर्दछौं । त्यस बखत र त्यस पश्चात के कस्ता कुराहरू भए भनी विचार गर्दा हामीले के देख्दछौं भने हालको विश्वव्यापी बहाई समुदाय र वर्तमान योजनाका प्रारम्भिक ६ चक्रहरूमा प्रवेश गर्दाको समुदाय उही अवस्थाको छैन । सो समुदाय आफ्नो लक्ष्यबारे पहिलेभन्दा बढी सचेत भएको देखिन्छ । यसले मित्रहरू र परिचित व्यक्तिहरूलाई आफ्नो समुदायको सम्पर्कमा ल्याउने क्षमता अभूतपूर्व रुपमा वृद्धि गरेका छन् । मित्रहरू र चिनजानहरूलाई आफ्नो सामुदायिक जीवनको सम्पर्कमा ल्याउन, छर-छिमेक तथा गाउँहरूलाई एकीतृत प्रयासका लागि प्रेरणा प्रदान गर्न सकेको छ; आध्यात्मिक सत्यहरूलाई एक स्थायी व्यवहारिक कार्यमा परिणत गर्न सकिन्छ भन्ने कुरालाई स्पष्ट रुपमा बुझाउन सकेको छ; र त्योभन्दा पनि बढी, विश्वलाई नविकरण गर्ने शिक्षाहरूको बारेमा वार्तालाप गर्नमा मात्र नभै ती शिक्षाहरू प्रस्तुत गर्ने व्यक्ति बहाउल्लाहबारे वार्तालाप गर्ने क्षमताको अभूतपूर्व वृद्धि भएको छ । अनगिन्ती भाषाहरूमा वयस्क, युवा तथा बाल-बालिकाले उनको जीवन र उनले भोगेको दुःख पीडाबारे चर्चा गरे । कतिले उनको धर्मबारे अनुसन्धान गर्न तयार भए । अरुहरूले सहयोग गर्ने वचन दिए । र कयौं ग्रहणशील आत्माहरू प्रभुधर्मलाई स्वीकार्न तयार भए ।

२. प्रगतिको एउटा घतलाग्दा सूचक यो थियो कि थुप्रै ठाउँहरूमा राष्ट्रिय स्तरमा प्रभुधर्म अन्धकारको स्थितिबाट बाहिर निस्केको छ । सरकारका नेताहरू र बुद्धिजीवी मानिसहरूले पनि सार्वजनिक रुपमा र कहिलेकाहीं व्यक्तिगत रुपमा जोडिंदै भने कि विश्वलाई बहाउल्लाहको परिकल्पनाको आवश्यकता छ र बहाईहरूका प्रयासहरू प्रशंसित छन् र तिनीहरूलाई व्यापक बनाइनु पर्छ । हामीलाई ज्यादै खुशी लाग्यो कि बहाउल्लाहप्रति सम्मान प्रकटगर्ने र उनको जीवनको समारोह मनाउने इच्छा बहाईहरूले मात्र गरेनन्- बहाई समुदाय बाहिरका केही व्यक्तिहरूले पनि विशेष भेलाहरूको आयोजना गरे । जुन क्षेत्रहरूमा प्रभुधर्मको विरोध भैरहेको देखिन्छ त्यहाँका साथीहरू निरुत्साहित भएको देखिएन; बरु असाधरण लचिलोपना देखाउँदै आफ्ना देशवासीहरूलाई सत्य के हो भनि आफैले पहिलाउन प्रोत्साहित गरे र धेरैले सहर्ष उत्सवहरूमा भागलिए । दुईसयौं जन्मजयन्तिको अवसरले असीमित रुपमा कलात्मक प्रस्तुतिहरू फूलहरू झैं फक्रेको देखियो, जुन प्रेमको मूल स्रोतबाट उत्पन्न भएको थियो । यस अवसरप्रति बहाई समुदायको दृष्टिलाई हेर्दा के देखिन्छ भने हालको विश्वव्यपी योजनाको क्रम शुरु भएको दुई दशकभन्दा बढी समयमा कति सिकियो भन्ने कुरालाई समर्थन गर्दछ । व्यक्ति अनुयायीले पहल गर्‍यो, समुदायले सामुहिक प्रयासको लागि उठायो, र मित्रहरूले संस्थाहरूले तैयार पारेका योजनाहरूको कार्यन्वयनमा आफ्नो रचनात्मक शक्ति प्रयोग गरे । दुई शताब्दी बितेको यस महत्वपूर्ण उत्सवले आगामी शताब्दीको लागि समुदाय निर्माण गर्ने कामलाई सशक्त प्रेरणा प्रदान गरेको छ । अब दोस्रो अथवा बाबको दुई सयौं जन्म जयन्तिको अवसर सम्मको अवधिमा यो पहिलो अवसरमा रोपेको बिउलाई धैर्यकासाथ स्याहारगरी फल फल्ने अवस्थामा पुर्‍याऊँ ।

३.  वर्तमान योजनाको दोस्रो वर्षमा, सबै देशहरूमा प्रगति समान रुपमा नभएता पनि हालको विश्वव्यापी योजना अवधिमा स्थापना गर्ने लक्ष्य राखिएको पाँच हजार सघन वृद्धि कार्यक्रमहरू मध्ये आधाजति पुग्न लागेको छ र जुन गतिमा वृद्धि भइरहेको छ त्यो स्थिर रुपमा बढ्दै गइरहेको छ ।  अझ नजीकबाट हेर्दा कसरी व्यक्ति व्यक्ति, समुदाय र संस्थाहरूका सामर्थ्य र क्षमताहरू कसरी प्रकट भैरहेका छन् भन्ने आशाजनक संकेतहरू देखिएका छन् ।  सबै ठाउँका अनुयायीहरूलाई दुईसयवर्षौ उत्सवले यो कुरा सप्रमाण देखाएको छ कि उनीहरूका वरिपरि जनमानससँगको पारस्परिक सम्बन्धका शिक्षणलाई पनि समावेश गर्न सकिन्छ ।  अझ हजारौं गाउँ तथा छर-छिमेकमा कामको गति बढ्दै जान्छ प्रत्येक ठाउँमा एउटा गतिशील सामुदायिक जीवनले जरा गाड्न थाल्दछ ।  यस्तो प्रणाली जस अन्तर्गत यस किसिमका क्रियाकलापलाई झन् झन् बढी स्थानहरूमा विस्तार गर्दै राम्रोसँग स्थापित गरिने क्लस्टरहरूको संख्या उल्लेखनीय रुपले बढेको छ यसरी मित्रहरूलाई विकासको यसै क्रममा तेस्रो कोसेढुङ्गा पारगर्न सक्षम बनाउँछ ।  र यही नै गएर बहाई विश्व अध्ययनको अग्रणी सिकाइलाई, खासगरी बहाउल्लाहको परिकल्पना, तर्फ जान समूहहरू अघि बढिरहेको अवस्थामा जहाँ बहाई क्रियाकलापहरू अघि बढिरहेको अवस्थामा जहाँ बहाई क्रियाकलापहरू व्यापक बन्दै गाउँको अङ्गालोमा ठूलो संख्याका समूहहरू आइरहेका मात्र हैनन् कि बरु मित्रहरूले बुझ्न थालेका छन् कि कसरी ठूला समूहहरू अति महान नामको समुदायसँग सहमत हुन थालेका छन् ।  हामीले यी ठाउँहरूमा धर्मको शैक्षिक प्रयासहरूले बढी औपचारिक रुप लिन थालेको देख्न थालेका छौं, जब बालबालिका वर्षैपिच्छे एउटा कक्षाबाट अर्को कक्षामा अगाडि बढ्दै छन् र किशोर-किशोरीहरू आध्यात्मिक सशक्तिकरण कार्यक्रम मार्फत एक तहबाट भरपर्दो तरीकाले अर्को तहमा प्रवेश गरेको देख्दछौ ।  यी ठाउँहरूमा तालिम प्रतिष्ठानले बालबालिका तथा किशोर-किशोरीको सधैं बढीरहेको संख्यालाई ध्यानमा राखी यी बालबालिका र किशोर-किशोरीको आध्यत्मिक तथा नैतिक विकासको लागि प्रर्याप्त मानव स्रोत तैयार गर्ने काम सिक्दै गइरहेको छ । यी आधारभूत क्रियाकलापहरूमा भैरहेको सहभागिता सम्बन्धी जनमासमा यसरी लिप्त हुँदै गइरहेको छ कि यसलाई कुनै पनि समुदायको जीवनको अनिवार्य पक्षको रुपमा हेरिन थालेको  छ ।  आफ्नो विकासको आफै जिम्मा लिन जनसमुदायलाई एउटा नयाँ बल प्राप्त हुन थाल्छ र उनीहरूले उदासीनता फैलाउने सामाजिक तत्वहरूको सामना गर्न सक्ने सामर्थ्य विकास गर्न सक्छन् ।  भौतिक तथा आध्यात्मिक प्रगतिका सम्भावनाहरू, देखिन थाल्दछन् ।  सामाजिक वास्ताविकतामा परिवर्तन आउन थाल्दछ ।

४. प्रिय मित्रहरू, यो साँच्चै नै अति प्रियलाई धन्यवाद दिने समय हो । उत्साहित हुने धेरै कारणहरू छन् । तर पनि हामीले गर्न बाँकी कामहरूको परिमाणबारे किन सचेत हुनुपर्ने छ । मुख्यत, हामीले पहिले नै औंलाए जस्तै थुप्रै क्लस्टहरूमा विस्तारहुँदै गइरहेका अनुयायीहरूको समूह देखापर्ने गर्छ जसले आफ्ना वरिपरिकाहरूसँग मिलेर वृद्धि विकास र क्षमता निर्माणप्रति दिगोरुपले निरन्तर ध्यान दिन सक्ने छन् र जसले आफ्नै क्षमता र आफ्नै अनुशासनबाट विशिष्ट बनेका छन् र आफ्नो काममाथि चिन्तन गर्न र अनुभवबाट सिक्न सक्नेछन् ।  प्रत्येक ठाउँमा व्यक्तिहरू एउटा नाभिकीय बिन्दु तयार पार्न र तिनीहरूलाई साथ दिन सक्नु एउटा कठिन चुनौति र चरम आवश्यकता हो-क्लस्टर स्तरमा मात्र हैन बरु छरछिमेक र गाउँहरूमा पनि ।  जहाँ यस्तो भैरहेको छ, त्यसको नतिजा स्वयंले व्यक्त गर्दछ ।

५. हामी अझ निश्चिन्त भएका छौं कि धर्मका संस्थाहरूले यस सर्वोच्च आवश्यकतालाई आफ्नो सोचविचारमा सबैभन्दा अगाडि राखेका छन्, भएको प्रगतिबाट प्राप्त अन्तरदृष्टिलाई अझ व्यापक रुपमा प्रयोग गर्नका लागि प्रभावकारी साधनहरू जुटाउँदैछन् ।  साथसाथै, बढ्दो अनुभवले राष्ट्रिय, क्षेत्रीय र स्थानीय निकायहरूलाई अझ व्यापक दृष्टि प्रदान गर्दैछ । तिनीहरू समुदायको विकासका सबै पक्षहरूमा संलग हुँदैछन् र औपचारिक सदस्यता बाहिरका जनसमुदायको समेत भलाइको बारेमा चिन्तित छन् ।

मानिसहरूको प्रगतिमा प्रतिष्ठान प्रक्रियाको गहन संलग्नता हुन्छ भन्ने कुराबारे सचेत भएकोले तालिम प्रतिष्ठानलाई कसरी बलियो बनाउन सकिन्छ भन्नेबारे विषेश ध्यान दिइराखेका छन् । समुदायको ध्यान योजनाका आवश्यकतामा केन्द्रित होओस् भन्ने कुरामा तिनीहरूले ध्यान दिइरहेका छन् र विस्तार हुँदै गइरहेका मित्रहरूको जमातलाई एकताको झन्झन् उच्चहुँदै गइरहेको स्तरलाई उत्प्रेरित गर्दछन् । आफ्नो प्रशासनिक र आर्थिक व्यवस्थालाई परिस्कृत गर्ने आफ्नो जिम्मेवारीलाई भक्तिपूर्वक स्वीकारेका छन् ता कि विस्तार तथा सुदृढीकरणको कामलाई मद्दत मिल्न सकोस् । यी सबै कुराहरूमा, आखीर र अन्त्यमा तिनीहरू समुदायमा ती कुराहरूलाई अघि बढाउन व्यस्त छन् जसले शक्तिशाली आध्यात्मिक शक्तिहरू प्रस्फूटित गर्न सक्छन् ।

६. जब समुदाय निर्माणको काम तिब्रहुँदै गइरहेको छ मित्रहरूले दैवी शिक्षाको अध्ययनद्वारा आफ्नो उत्साहलाई झन उत्तेजित पारेर आफ्नो वरिपरिको समाजको अवस्था सुधार्ने आफ्नो क्षमताको विकास गर्दैछन् । छोटो अवधिका आयोजनाहरूको संख्या बढेको छ; औपचारिक, कार्यक्रमहरूले आफ्नो पहुँच बढाएका छन्, र शिक्षा, स्वस्थ्य, कृषि र अन्य क्षेत्रहरूमा काम गर्ने बहाई प्रेरित विकास संस्थाहरूको संख्या बढेको छ । फलस्वरुप जनताको व्यक्तिगत र सामुदायिक जीवनमा देखिन थालेको परिवर्तनबाट बहाउल्लाहको धर्मको समाज निर्माण गर्ने शक्तिका सुस्पष्ट संकेतहरू देखिन सकिन्छ । त्यसैले यो आश्चर्यको कुरा होइन कि यस्तै सामाजिक कार्य- सामान्य होओस् वा जटिल, निश्चित अवधिको होओस् वा लामो र दिगो-बाट समाजमा प्रवलित छलफलका विषयहरूमा भागलिने प्रयासमा बहाई अन्तर्राष्ट्रिय समुदायका कार्यालयहरूले प्रेरणा प्राप्त गर्न थालेका छन् । यो पनि प्रयासको अर्को महत्वपूर्ण क्षेत्र हो जसमा धर्मले निक्कै प्रगति गरेको छ । राष्ट्रिय स्तरमा पनि त्यस समाजमा प्रचलित वाद विवादका विषयहरू, जस्तै पुरुष र महिलाबीच समानता, आप्रवास तथा एकिकरण, सामाजिक रुपान्तरण युवा वर्गको भूमिका र धर्महरू बीच सह-अस्तीत्वमा पनि बहाईहरूको योगदानमा बढ्दो आत्मविश्वास, सक्षमता र अन्तर्दृष्टिकासाथ दिइन थालिएको छ । जहाँसुकै बसोबास गरिरहेका, काम गरिरहेका वा अध्ययन गरिरहेका भए पनि सबै उमेर र पृष्ठभूमिका अनुयायीहरूले आफ्ना वरिपरिका व्यक्तिहरूको ध्यानमा बहाउल्लाहको अपार प्रकटिकरणमा आधारित उच्च सिद्धान्त युक्त दृष्टिकोण प्रस्तुत गर्न थालेका छन् ।

७. प्रभु धर्मको प्रतिष्ठा ती ठाउँहरूमा बढ्दै गइरहेको छ जहाँ यस्ता संवाद प्रस्तुत हुन्छन् र यसको मुख्य कारण "वर्ल्ड वाइड वेब" (World wide web) मा आधिकारिक रुपमा स्थापित हुनुले हो । थुप्रै राष्ट्रिय "वेबसाइट" हरूको शुरुवात हुनु र "बहाई डट ओआरजी" (bahai.org) सँग सम्बन्धित अन्य "साइट"हरूको थप विकासको कारण पनि हो । धर्मको विस्तार र संरक्षण दुवैको लागि यसको ठूलो महत्व छ । केही दिन मात्रको अवधिमा एउटा विश्वव्यापी दर्शक समूहलाई आकर्षण गर्न सकियो जब होसियारीकासाथ तैयार पारिएको बहाई धर्म सम्बन्धी सामग्री नौवटा भाषामा एकै पटक "बाइसेन्टिनरी वेबसाइट" मा प्रश्तुत भयो । यसलाई अहिले विभिन्न देशका छुट्टाछुट्टै पृष्टहरूमा प्रस्तुत गरिंदा आयोजना गरिएका उत्सवहरूको विविधता स्पष्ट हुन गयो । "बहाई रेफरेन्स लाइब्रेरी साइट" मा एउटा नयाँ स्थान राख्ने योजनामा ठूलै प्रगति भइसकेको छ, जसलेगर्दा पहिले अनुवाद तथा प्रकाशित नभएका पवित्र लेखनीहरूका अंशलाई केही समयपछि समावेश गर्न सकिनेछ । यसको साथ साथै आगामी वर्षहरूमा अँग्रेजीमा अनुवाद गरिएका बहाउल्लाह तथा अब्दुल-बहाका लेखनीहरूका नयाँ पुस्तकहरू निस्कन तयार हुँदैछन् ।

८. सान्टियागो, चिली र बट्टामवाङ्ग, क्याम्बोडियाका सबभन्दा पछि उद्धघाटन गरिएका बहाई मन्दिरहरू आकर्षणका केन्द्र बन्दैछन् र ती देशका समाजका लागि प्रभुधर्मले समर्थन गर्ने सबै कुराहरू प्रकाश-स्तम्भ सरह बनेका छन् । र यस्ता मन्दिरहरूको संख्या पनि बढ्ने अवस्थामा छ । यो कुरा घोषणा गर्न पाउँदा हामीलाई खुशी लागेको छ नोर्टडेल कसा, कोलम्बियाको मन्दिरको उद्घाटन समारोह जुलाईमा हुँदैछ ।

अझ, अरु बढी मन्दिरहरूको निर्माण अब क्षितिजमा, देखिन थालेको छ । भानुआटुमा निर्माण कार्य शुरु गर्न अनुमति प्राप्त हुँदैछ । भारत र डेमोक्र्याटिक रिपब्लिक अफ कङ्गोमा एकदम जटील र कठीन प्रक्रिया पछि जमीन प्राप्त गर्न सफलता हासिल भएको छ । नव-रुजको अवसरमा पपुवा न्यू गिनीको पहिलो, माश्रिकुल-अद्धकरको आकार हेर्ने पाएको खुशीयाली कम हुनु अघि नै केन्यामा बन्ने मन्दिरको आकार प्रस्तुत गरियो । हामीले प्रतिक्षा गरका छौं कि यसै समय हाम्रो अनुशन्धान विभागद्वारा तयार गरिएको र हालै प्रकट भएको माश्रिकुल-अद्धकरको संस्था सम्बन्धि वक्तव्य र संग्रहले सामुदायिक जीवनमा पूजा आराधनाको महत्वबारे मित्रहरूको धारणालाई बढी उत्साहित गर्ने छ । किनकि आफ्नो सेवा कार्य खासगरी नियमित भक्तिभाव भेलाहरूद्वारा सबै ठाउँका बहाईहरूले भविष्यमा आराधना गृहहरूको आध्यात्मिक जग निर्माण गर्दैछन् ।

९. उल्लेखनीय मात्रामा फौजको संख्यामा प्रवेश गर्ने एउटा मात्र लक्ष्य राखेर सन् १९९६मा शुरु गरिएको प्रयास पनि अब पच्चिस वर्ष पुग्न तीन वर्ष मात्र बाँकी छ । रिज्वान २०२१ मा बहाउल्लाहका अनुयायीहरूले एक वर्षको लागि मात्र तोकिएको योजना शुरु गर्ने छन् । छोटो अवधिको भएता पनि महत्वपूर्ण कुराहरू बोकेको यो एक वर्षे प्रयासले नयाँ योजनाहरूको छाल शुरु गरी प्रभु धर्मको डुङ्गालाई बहाई युगको तेस्रो शताब्दीमा प्रवेश गराउने छ । यस पुनित बाह्र महिनाको अवधिमा बहाई विश्वले अब्दुल-बहाको स्वर्गारोहणको एकसयौं स्मरणोत्सव मनाइरहेको बेला बहाई विश्व केन्द्रमा पनि एउटा विशेष भेलाको आयोजना गरिने छ जसमा प्रत्येक राष्ट्रिय आध्यात्मिक सभा र प्रत्येक क्षेत्रीय बहाई परिषदका प्रतिनिधीहरूलाई आमन्त्रित गरिनेछ । तर यो ती घटनाको श्रृङ्खलाको पहिलो मात्र हो जसले आगामी दशकौंका भागहरूका लागि अनुयायीहरूलाई तैयार पार्ने छन् । त्यस पछिको जनवरी महिनामा स्वामीको इच्छापत्र सार्वजनिक पहिलो पटक वाचन गरिएको एक सय वर्ष पुगेको अवसरमा पवित्र भूमिमा एउटा सम्मेलनको आयोजना गरिने छ जसमा, सबै महाद्वीपिय सल्लाहकार समितिका सदस्यहरू र संरक्षण तथा विस्तारका लागि सहायक मण्डलका सदस्यहरू सम्मिलित हुनेछन् । यी दुई ऐतिहासिक, भेलाहरूमा उत्पन्न भएको आध्यात्मिक शक्तिलाई ईश्वरका सबै मित्रहरू जहाँसुकै बसोबास गरेका भए पनि त्यहाँ पऱ्याउनु पर्ने छ । यस उद्देश्य पूर्तिका लागि त्यस पछिका महिनाहरूमा विश्वव्यापी रुपमा सम्मेलनहरूको क्रम प्रारम्भ हुनेछ । यसले एक वर्षे योजनाको लगत्तै पछि शुरु हुने बहु वर्षीय प्रयासको लागि थप बल दिने तत्वको काम गर्दछ ।

१०. यसरी नै स्वामीको दैवी योजनाको नयाँ चरण चाँडैनै प्रकट हुन गइरहेको छ । तर, एउटा अझ रोमान्चित तात्कालिक सम्भावना हाम्रो अगाडि आइरहेको छ । बाबको दुई सयौं जन्मजयन्ति अब डेढ वर्ष मात्र बाँकी छ । यो त्यस समय हो जसमा हामीले हाम्रो धर्मका शहीद अग्रदूतको अद्‌भूत बहादुरीलाई स्मरण गर्ने बेला हो । उनको अति प्रभावशाली कार्यकालले मानवजातिलाई ईतिहासको एउटा नयाँ युगमा धकेलेको छ । हाम्रो अहिले समयभन्दा दुई सय वर्ष अघि भएको भएता पनि जुन समाजमा बाब प्रकट हुनु भयो त्यो समयमा अहिले जस्तै अत्याचारको वातावरणमा धेरैले बुझ्न चाहने आफ्नो आत्मालाई शान्त पार्न कैयौं कुराहरूको उत्तर खोजिरहेका थिए । यो दुईसयौं वार्षिकोत्सव कसरी उपयुक्त तरीकाले मनाउने भन्ने विचार गर्दा हामीलाई लागेको छ कि यी उत्सवहरू आफ्नै विषेश प्रकृतिका हुने छन् । तैपनि आशा गरेका छौ कि क्रियाकलापहरूको यस्तो प्रस्फूटन हुनेछ हालै सम्पन्न दुई सयौं वार्षिकोत्सव भन्दा कम सम्पन्न वा कम समावेशी हुने छैनन् । यो यस्तो अवसर हो जसको प्रत्येक समुदाय प्रत्येक घर परिवार, प्रत्येक हृदयले अवश्य पनि उत्सुकताका साथ प्रतिक्षा गर्ने छन् ।

११. आउँदा महिनाहरूमा बाबका ती सहासी अनुयायीहरूको जीवनलाई सम्झने समय पनि हो-ती वीराङ्गना तथा ती वीर पुरुषहरू जसको परम भक्ति अद्वितीय त्यागपूर्ण कर्मद्वारा व्यक्त भएको छ जुन

बहाई धर्मको इतिहासमा सदैव रहिरहने छन् । निडरता, समर्पण तथा प्रभु ईश्वर बाहेक सबैबाट निर्लिप्त जस्ता उनीहरूका गुणहरूले उनका साहसी कार्यहरूबारे जानेका सबैलाई प्रभाव पारेको छ । यो कति घतलाग्दो कुरा हो कि यति धेरै साहसी व्यक्तिहरूले कलिलै उमेरमा इतिहासका पानामा अमिट छाप छाडेका छन् । यही आउँदो अवधिमा तिनीहरूको आदर्शले समस्त भक्तजनलाई थप सहास देओस् । खासगरी युवाहरूलाई किनकि विश्वलाई नै परिवर्तन गर्ने लक्ष्य लिएको अभियानको अग्रपंक्तिमा रहन तिनीहरूलाई नै आह्वान गरिएको छ ।

१२. वास्तवमा यही नै हो हाम्रो उज्ज्वल, उज्ज्वल अभिलाषा । यस रिज्वान र आगामी दुईसयौं वार्षिकोत्सव सम्मका ६ चक्र अवधिमा-अर्थात वर्तमान योजनाका बाँकी तीन वर्षमा-यही सर्वव्यापी, सर्वोत्कृष्ट प्रेम जसद्वारा बाबका चेलाहरूले दिव्यज्योति फिंजाए त्यसैले तपाईंहरूप्रति महान कार्यहरू गर्न प्रेरणा देओस् । पवित्र संघारमा गरिने हाम्रो प्रार्थनामा तपाईंहरूले स्वर्गीय सहायता प्राप्त गरुन् भनि हामी याचना गर्दछौं ।

विश्व न्याय गृह